# शिवसताक्षी नगरपालिकाको सूचना

# सर्भर खरिदका लागि दरभाउपत्र प्रस्ताव आह्वान

प्रथमपटक प्रकाशित मितिः २०७५/०५/३१ गते

शिवसताक्षी नगरपालिकाको आफ्नो नीजि नेटवर्कको ब्यवस्थापन प्रयोजनको लागि सर्भर (SERVER) आवश्यक भएकोले योग्यता पुगेका संघ संस्था, फर्म (FIRM) तथा सेवा प्रदायक कम्पनीहरुले यो सुचना प्रकाशन गरिएको मितिले १५ दिन भित्र पेश गर्ने गरी शिलबन्दी दरभाउ प्रस्ताव आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैमा अनुरोध छ।

## ठेक्का सम्वन्धी विवरणः

- इच्छुक योग्यता पुगेका दरभाउपत्रहरुबाट सुचना प्रकाशन मितिले १५ औ दिन (मिति २०७५/०६/१४) सम्ममा कार्यालय समय भित्र यस कार्यालयबाट फिर्ता नहुने गरि रु १,०००।०० (अक्षेरपी रु एक हजार मात्र) नगदै बुझाइ नगदी रसिदका साथ आ.व. २०७४/०७५ को नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्वर वा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७३/०७४ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी दरभाउपत्र यस कार्यालयबाटै खरिद गर्न सकिने छ।
- आफुले लिन चाहेको ठेक्काको कबोल अंक नगरपालिकाले उपलव्ध गराएको फाराममा अंकमा र अक्षर मा स्पष्ट उल्लेख गरी दरभाउपत्र दाताले नाम ठेगाना लेखी सही छाप गरी सिलवन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले १६ (सोह्रौं) दिन (मिति २०७५/०६/१५) दिनको १२:०० बजे भित्र शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा बोलपत्र फाराम दर्ता गरिसक्नु पर्नेछ। बोलपत्र फारम खरिद गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन उल्लेखित समयमा खरिद दर्ता र खोलिने छ।
- सिलवन्दी दरभाउपत्रसाथ जमानत रकम रु ७५,०००।०० (पचहत्तर हजार मात्र) यस कार्यालयको नाममा राष्टिय वाणिज्य बैंक भद्रपुर शाखामा रहेको धरौटी खाता न. २२१०३०३००७१०२ मा नगदै जम्मा गरी सक्कलै भौचर वा ७५(पचहत्तर) दिनको म्याद भएको मान्यताप्राप्त (क) वर्गको वाणिज्य बैकबाट यस कार्यालयको नामा जारी भएको सक्कल विड बण्ड (बैक ग्यारेन्टी) शिलबन्दि दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ।
- दरभाउ पत्र पेश गर्दा प्रत्येक आइटमको दर रेट अंक र अक्षरमा स्पष्ट हुनेगरी लेखी कुल जोडको पनी अंक र अक्षरमा लेख्नु पर्नेछ। अंक र अक्षर फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
- रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।
- दर्ता भएका दरभाउपत्र आंशिक वा पुर्णरुपमा स्विकृत गर्ने वा **अस्विकृत** गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
- दरभाउपत्र पेश गर्दा पेश गर्नेको पत्राचार ठेगाना, सम्पर्क **नं., फ्याक्स** नं. र इमेल स्पष्टसँग लेख्नुपर्ने छ।
- यससँग सम्बन्धित अन्य कुरा बुझ्नु परेमा कार्यालयमा बुझ्न स[illegible]।
- यस सुचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित अन्य कानुन बमोजिम हुनेछ।

**शिवसताक्षी नगरपालिका कार्यालय, झापा**